# प्रेस विज्ञप्ति

## विश्व आर्थिक मञ्चको कार्यक्रममा सहभागी हुन अर्थमन्त्री भारत प्रस्थान

अर्थमन्त्री डा. युवराज खतिवडा अक्टोवर ३ र ४ (असोज १६ र १७ गते)  मा भारतमा हुने विश्व आर्थिक मञ्चको कार्यक्रममा सहभागी हुन आज नयाँ दिल्ली प्रस्थान गर्नुभयो । उक्त कार्यक्रममा अर्थमन्त्री डा. खतिवडाले दक्षिण एशियाको आर्थिक परिदृश्य विषयमा अतिथि वक्ताको रुपमा सम्बोधन गर्नु हुने कार्यक्रम रहेको छ। साथै, उहाँले नेपालको विकास एजेण्डा, आर्थिक स्थिति, लगानीको वातावरणमा भएको सुधार, राजस्व क्षेत्रमा भएका सुधार लगायतका विषयमा समेत सहभागीहरुलाई जानकारी गराउनु हुनेछ। कार्यक्रमको समयमा अर्थमन्त्री डा. खतिवडाले विश्व आर्थिक मञ्चका अध्यक्ष बर्ज ब्रेण्डसँग द्विपक्षीय भेटघाट गर्नु हुनेछ भने विश्वका आर्थिक क्षेत्रका नेताहरुसँग भेटघाट गर्नु हुने कार्यक्रम रहेको छ ।

भ्रमणका अवसरमा अर्थमन्त्री डा. खतिवडा र भारतीय समकक्षी अर्थमन्त्री निर्मला सिथारमण बीच भारतको अर्थ मन्त्रालयमा द्विपक्षीय भेटघाट हुने कार्यक्रम छ । उहाँहरु बीच पछिल्लो आर्थिक स्थिति, नेपाल- भारत सम्बन्ध, भारतले नेपालमा सहयोग गरेका आयोजनाको अवस्था लगायत समसामयिक विषयमा छलफल हुनेछ ।

अर्थमन्त्री डा. खतिवडा असोज १८ गते स्वदेश फर्कनु हुनेछ ।

**२०७६ असोज १५** **अर्थ मन्त्रालय**